स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रेखा थापा निर्देशित चलचित्र "माया भनेकै यस्तो होला"को तीज गीत "नक्कल पारी" सार्वजनिक भएको छ। सार्वजनिक गीतमा शान्तीश्री परियार र प्रशान्त शिवाकोटीको स्वर छ। प्रशान्त शिवाकोटीको संगीत रहेको गीतको शब्द सुष्मा सिग्देलले लखेकी हुन्। पहिरन र गहनामा अरूको देखासिकी गर्ने खराब प्रवृत्ति हाबी हुँदै गएको वास्तविकतालाई गीतले टपक्क टिपेको छ।

आजको विचार...



सार्वजनिक...
(दुई पेजमा)

महेश गुरागाई

निर्माण तयारीमा रहेको फिल्म "द राइज अफ साम्राज्य"मा अभिनेत्री अञ्जना बराइली अनुबन्धित भएकी छन्। सौरभ चौधरीको आगामी निर्देशकीय फिल्ममा यसअघि सौगात मल्ल, दयाहाङ राई, नाजिर हुसेन र विजय बराल निश्चित भैसकेका छन्। अहिलेकी व्यस्त र डिमाण्डेड अभिनेत्री बराइलीको प्रवेशसँगै कास्टिङ लाइनअप थप बलियो भएको छ। निर्देशक सौरभले भने, "हामी दर्शकको रोजाइमा रहेका र कथाले मागेका कलाकारलाई लिइरहेका छौं, यो क्रम अझै जारी छ।"



❐ वर्ष ३२ ❐ अंक ४१ ❐ २०८३ भदौ १० गते बुधबार 26 August 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनीमा मन्त्रिपरिषद् पुनर्गठन, तीन नयाँ मन्त्रीले लिए शपथ

**हाम्रा संवाददाता**

**बुटवल,** भदौ ९/लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् पुनर्गठन भएको छ । लुम्बिनी प्रदेशमा एमाले, नेकपा र जसपाबीचको सहमतिअनुसार मन्त्रिपरिषद् पुनर्गठन गरिएको हो ।

वर्तमान सरकारमा नेकपा एमालेबाट मुख्यमन्त्रीसहित चार जना, नेपाली कम्युनिस्ट पार्टीबाट तीन जना र जनता समाजवादी पार्टी, नेपालबाट दुई जना मन्त्री रहने गरी भएको सहमतिअनुसार मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ । केन्द्रमा आएको राजनीतिक परिवर्तनसँगै नेपाली कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएपछि लुम्बिनी प्रदेशमा नेपाली कम्युनिस्ट पार्टीसँग सत्ता साझेदारी गरेको हो । नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम गठित तथा पुनर्गठित मौजुदा मन्त्रिपरिषद्को कार्य विभाजनसहित मन्त्रिपरिषद् पुनर्गठनका लागि




मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश प्रमुखसमक्ष सिफारिस गरेका थिए । मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ तीन मन्त्री नियुक्त गर्दै केही साविकका मन्त्रीको जिम्मेवारी परिवर्तन गरेका छन् ।

**तीन मन्त्रीले लिएर शपथ**

नवनियुक्त तीन मन्त्रीले शपथ लिएका छन् । प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले मंगलबार बुटवलमा नवनियुक्त स्वास्थ्य मन्त्री दीपेन्द्रकुमार पुन, आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रजीत थारू र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री कृष्णाकुश्मा थारूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । प्रदेश प्रमुख घर्तीमगरले मुख्यमन्त्री आचार्यको सिफारिसमा सोमबार नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मौजुदा मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । मन्त्रिपरिषद् पुनर्गठनसँगै तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालय, रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालय, सन्तोषकुमार पाण्डेयलाई सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय तथा भण्डारीलाल अहिरलाई आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको जिम्मेवारी तोकिएको छ । यसअघि स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा रहेका तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालयको जिम्मेवारी तोकिएको छ । त्यस्तै, सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका सन्तोषकुमार पाण्डेयलाई शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिइएको छ । तीन मन्त्री थपिएसँगै लुम्बिनी प्रदेश सरकारमा मन्त्रीको संख्या मुख्यमन्त्रीसहित ९ पुगेको छ ।

**तीन सांसदलाई स्पष्टीकरण माग**

जनता समाजवादी पार्टी (जसपा) नेपाल आफ्ना तीन प्रदेशसभा सदस्यलाई २४ घण्टाभित्र पुन: स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ । पार्टीको निर्देशन र नीतिविपरीत प्रदेश सरकारलाई विश्वासको मत दिएको भन्दै पार्टीले मंगलबार प्रदेश सभा सदस्य सन्तोषकुमार पाण्डे, हेमा बेल्बासे र भण्डारीलाल अहिरसँग २४ घण्टाभित्र पुन: स्पष्टीकरण पेस गर्न निर्देशन दिएको हो । *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### फरार प्रतिवादी पक्राउ

**पाल्पा,** भदौ ९/ जिल्ला प्रहरी कार्यालय पाल्पाले अदालतको फैसला कार्यान्वयनका क्रममा बैंकिङ कसुर मुद्दामा फरार रहेका एक प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार रैनादेवी छहरा गाउँपालिका-७ बस्ने ४१ वर्षीय भीमबहादुर सारुलाई पक्राउ गरिएको हो ।

जिल्ला अदालतबाट भएको फैसलाको कार्यान्वयनका लागि खोजी गरिरहेका क्रममा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । अदालतको फैसलाअनुसार सारुले रु. ३ लाख २६ हजार ७ सय रुपैयाँ जरिवाना भुक्तान गर्न बाँकी रहेको थियो । पक्राउ परेका सारुलाई आवश्यक कारबाहीका लागि मंगलबार जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईले बताए । प्रहरीले अदालतबाट फैसला भइसकेका तर फरार रहेका प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ ।

## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।**

नेपाल सरकार

विज्ञापन बोर्ड

## देशका विभिन्न स्थानमा छुट्टाछुट्टै घटना : ११ जनाको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ ९ / देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी ११ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटनामा तीन जना, करेन्ट लागेर एक जना तथा अन्य विभिन्न घटनामा सात जनाको मृत्यु भएको हो ।

स्याङ्जाको गल्याङ नगरपालिका-८ करादीस्थित सडकमा बोलेरो जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । गल्याङबाट साङ्लियातर्फ जाँदै गरेको ग.१ ज ६५३४ नम्बरको बोलेरो अनियन्त्रित भई दुर्घटना हुँदा जीपमा सवार गल्याङ-८ की २५ वर्षीया सदिक्षा थापा मगर पचभैया र गल्याङ-९ का ६० वर्षीय यमबहादुर विकको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका जीपमा सवार अन्य चार जनाको लुम्बिनी मेडिकल कलेज, प्रभास पाल्पामा उपचार भइरहेको छ । जीप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, ललितपुर महानगरपालिका-२



बल्खु चोकस्थित सडकमा बसको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ । बा.५ ख ४५८९ नम्बरको बसले बा.प्र.०२-०२७ प ३४८६ नम्बरको स्कुटरलाई ठक्कर दिँदा गोरखा गण्डकी गाउँपालिका-३ घर भई काठमाडौं बस्दै आएका १८ वर्षीय विकास श्रेष्ठको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका श्रेष्ठको स्टार अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्कुटरमा सवार अर्का एक घाइतेको सोही अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सर्लाहीको बसवरिया गाउँपालिका-२ ढापटोलमा करेन्ट लागेर ३८ वर्षीय रन्ति सहनीको मृत्यु भएको छ । आफ्नै घरमा सिलिङ पंखा बनाउने क्रममा करेन्ट लागेर सहनीको मृत्यु भएको प्रहरीले जनाएको छ । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बाल यौन हिंसा रोकौँ

**बालबालिकाहरूलाई सुरक्षित, सम्मानित र भयमुक्त वातावरणमा हुर्कन पाउने अधिकार छ । तर पछिल्ला दिनमा बालबालिकामाथि हुने यौन हिंसा र दुर्व्यवहारका घटना चिन्ताजनक रूपमा देखापरिरहेका छन् । यस्ता घटनाले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर पार्नुका साथै परिवार र समाजको संवेदनशीलतामाथि पनि प्रश्न उठाउँछन् ।**

**पछिल्लो समय देशका विभिन्न स्थानमा बाल यौन हिंसा दिनहूँजसो भइरहेका छन् । हिंसा, हत्या, यौनहिंसा तथा बलात्कारजस्ता घटनाले समाजलाई निरन्तर त्रसित बनाइरहेका छन् । केही दिन यता बाराको कलैयामा तीन वर्षीया बालिका गरिमा चौधरीमाथि भएको भनिएको पाशविक बलात्कारको घटना यस्तै अत्यन्त क्रूर र अमानवीय अपराधको एउटा दुःखद् उदाहरण हो । यस्ता घटनाको जति निन्दा गरे पनि कम हुन्छ । अबोध बालिकामाथि हुने यौनअपराध केवल एउटा व्यक्तिमाथिको अपराध होइन, यो समाजको मानवीय संवेदनामाथिकै प्रहार हो । घटनामा संलग्न जोसुकै भए पनि निष्पक्ष अनुसन्धान गरी कानुनबमोजिम कठोर कारबाही गरिनुपर्छ । यस्ता घटनापछि एउटा गम्भीर प्रश्न उठ्छ, अपराधीहरूमा यस्तो अमानवीय प्रवृत्ति कसरी विकास हुन्छ ? बाल यौन हिंसा कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन । सरकारले बाल यौन हिंसासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्दै पीडितमैत्री न्याय प्रणाली सुनिश्चित गर्नुपर्छ । दोषीलाई राजनीतिक, सामाजिक वा आर्थिक प्रभावका आधारमा उन्मुक्ति दिने प्रवृत्ति अन्त्य हुनुपर्छ । साथै, पीडित बालबालिकालाई कानुनी सहायता, मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा र पुनःस्थापनाको व्यवस्था राज्यले सुनिश्चित गर्नुपर्छ । समाजले पनि 'यो घरभित्रको कुरा हो' भनेर यस्ता घटनालाई लुकाउने प्रवृत्ति त्याग्नुपर्छ । बालबालिकामाथि हुने हिंसा देखे वा थाहा पाएमा सम्बन्धित निकायमा जानकारी गराउनु प्रत्येक जिम्मेवार नागरिकको दायित्व हो । सञ्चारमाध्यमले समेत पीडित बालबालिकाको पहिचान गोप्य राख्दै संवेदनशील र जिम्मेवार पत्रकारिता गर्नुपर्छ । बालबालिकाको सुरक्षा केवल अभिभावक वा सरकारको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो । बालबालिकाको मौनताको फाइदा उठाउनेहरूलाई कानुनी कठघरामा उभ्याउन र प्रत्येक बालबालिकालाई सुरक्षित बाल्यकाल दिन हामी सबै एकजुट हुनैपर्छ । बाल यौन हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अपनाऔँ, बालबालिकाको आवाज सुनौँ र उनीहरूको सुरक्षा सुनिश्चित गरौँ ।**

## Opinion @ Social Network

हिजो सम्झिँदा पश्चात्ताप होइन,
आज बाँच्न हिम्मत र भोलिलाई सुन्दर बनाउने आशा चाहिन्छ।
*(गुन थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Gun.Thapa)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वजनिक स्वास्थ्य बीमाको व्यवस्थापन



## महेश गुरागाईं

अमेरिकाको सन् १८८६ मे १ को चर्चित मजदुर आन्दोलन, बेलायतमा सन् १९१४ मा बिमा योजना तयार गर्ने क्रममा प्रयोग गरिएको 'एम्बुलेन्स स्टेट' को अवधारणासँगै दोस्रो विश्वयुद्धपछि साम्यवादी आन्दोलनबाट श्रमजीवी वर्गलाई अलग राख्न पुँजीवादी देशहरूले शासनसत्तालाई जनमुखी एवं कल्याणकारी राज्यमा रूपान्तरण गर्दै लगे । साम्यवादी राज्यहरूमा भने स्थापनाकालदेखि नै कल्याणकारी राज्यको अवधारणा सुरु भएको थियो । तथापि, अचेल साम्यवादी र कल्याणकारी राज्यहरूले समेत सामाजिक सुरक्षा र सार्वजनिक सेवामा क्रमशः 'लागत र प्रतिफल' का आधारमा सेवाग्राहीको दायित्व तथा सहभागितालाई प्राथमिकता दिन थालेका छन् । संसारमा निःशुल्क भनेको अब खुला आकाशको हावा अर्थात् सासमात्र बाँकी रहेजस्तो भएको छ । नेपालको सन्दर्भमा, विक्रम संवत् १९९१ को भूकम्पबाट भएको क्षतिमा पशुपतिनाथको ढुकुटीबाट सर्वसाधारणको उद्धार गरी पहिलोपटक सरकारी कोषबाट सार्वजनिक हितका लागि खर्च गरिएको पाइन्छ । विभिन्न प्राकृतिक प्रकोप तथा महामारीबाट हुने क्षतिको उद्धारमा हालसम्म पनि सरकारी कोषबाटै व्यवस्था गर्ने प्रचलन विद्यमान छ । पञ्चायतकाल, संवैधानिक राजतन्त्रकाल, सशस्त्र द्वन्द्वकाल र गणतन्त्रकालमा पनि विभिन्न प्रयोजन र शीर्षकअन्तर्गत वार्षिक बजेटबाटै आर्थिक सहायताको व्यवस्था हुँदै आएको छ । यस्तो आर्थिक व्यवस्था कल्याणकारी राज्यहरूमा प्रचलित छ । तर, राज्यको वितरणमुखी आर्थिक व्यवस्थाले विकास निर्माणमा स्रोत अभाव हुने र मुलुकको अर्थतन्त्र आन्तरिकरूपमा कमजोर रहने देखिन्छ । लोकतन्त्रको ३५ वर्षमा पनि नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर १८६ बाट बढेर १ हजार ५५० डलरमात्र पुग्नु यसको उदाहरण हो । नेपालमा स्वास्थ्य र शिक्षामा राणाकालदेखि नै सार्वजनिक तवरमा व्यवस्था भए पनि सामाजिक सुरक्षामा वि.सं. २०५१ मा मनमोहन अधिकारी नेतृत्वको (एमाले) सरकारको कार्यकालदेखि बजेटमार्फत स्पष्ट रूपमा वृद्धभत्ताजस्ता कार्यक्रम सुरु भए । हालसम्म आइपुग्दा यसमा दलित, एकल महिला, बालबालिका, अशक्त, शारीरिक अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीहरूलाई समेत समेटिएको छ । यसका साथै गणतन्त्र स्थापनापछि नेपालमा स्वास्थ्य बीमा कार्यक्रमलाई पनि सामाजिक सुरक्षाभित्र समावेश गरिएको छ । स्वास्थ्य बीमा ऐन, २०७४ अनुसार स्वास्थ्य बीमा बोर्डको गठन गरी कैलालीबाट वि.सं. २०७२ मा सुरुवात भएको यो कार्यक्रम हाल ७७ वटै जिल्लामा पुगिसकेको छ । हालसम्म देशका ७५३ पालिकामध्ये ७५० पालिकामा यो कार्यक्रम विस्तारित छ । स्वास्थ्य बीमा बोर्डको २०८३ साउनको तथ्याङ्क अनुसार सन् २०१६ मा ३२ हजार परिवार बिमित रहेकोमा सन् २०२६ सम्म आइपुग्दा ५६ लाख ८७ हजार व्यक्ति बिमित भएका छन् । यसरी १० वर्षमा स्वास्थ्य बीमा कार्यक्रम १७८ गुणाले वृद्धि भएको देखिन्छ । आ.व. २०८२/८३ सम्म आइपुग्दा बिमित सङ्ख्या १ करोड ७ लाख ६६ हजार (कुल जनसङ्ख्याको करिब एकतिहाइ र करिब ५८ प्रतिशत घरधुरीमा पहुँच) पुगेको छ । तर, यसमध्ये सक्रिय (नयाँ तथा नवीकरण गरिएका) सङ्ख्या ४१ लाख ९३ हजारमात्र छ भने करिब ५५ प्रतिशत बिमित अर्थात् ३१ लाख ३६ हजारले मात्र बीमा कार्यक्रमअन्तर्गतको स्वास्थ्य सेवा लिएका छन् । यो तथ्याङ्कले स्वास्थ्य बीमा कार्यक्रमप्रति जनविश्वास ( दुईतिहाइमा) घटेको वा यसको प्रभावकारितामा नै प्रश्न उठेको सङ्केत गर्छ । प्रतिपरिवार (पाँच जनासम्म) को बीमाशुल्क दर प्रतिवर्ष रु. ३ हजार ५०० निर्धारण गरिएको छ । बोर्डले ओपीडी सेवाका लागि प्रतिव्यक्ति प्रतिवर्ष रु. २५ हजार र आठ प्रकारका कडा रोगका लागि प्रतिव्यक्ति प्रतिवर्ष रु. १ लाख सम्मको सीमा निर्धारण गरी २०८३ पुसदेखि लागु गरेको छ । साथै, २०८३ साउनदेखि औषधिको सूचीबाट पनि १८७ वटा घटाएर १ हजार १०२ वटा औषधि कायम गरिएको छ । त्यति गर्दा पनि स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गतको सरकारी दायित्व चुलिँदै गएको छ । बोर्डको तथ्याङ्कअनुसार औसतमा प्रतिदिन रु. ८ करोड दाबी पर्ने हुँदा एक वर्षमा मात्रै करिब रु. ३० अर्ब (३६५ दिन ८ करोड) को दायित्व हुन आउँछ । विसं २०८३ साउनको तथ्याङ्कअनुसार आ.व. २०८२/८३ को २०८२ मङ्सिरसम्म बीमा दायित्वबापत रु. २९ अर्ब ८६ करोडभन्दा बढी भुक्तानी गरिएको छ । यसमा विपन्न नागरिक स्वास्थ्य उपचारबापतको नेपाल सरकारको अनुदान रु. ५ अर्ब २० करोड अलग गर्दा बीमा दायित्वबापत मात्र रु. २४ अर्ब ६६ करोड हुन आउँछ । बीमा शुल्कबापत रु. ३ अर्ब ८८ करोड सङ्कलन गरी रु. २४ अर्ब ६६ करोड खर्च गर्दा सरकारी कोषमा वार्षिक करिब रु. २० अर्ब (बीमाशुल्कको करिब ६ गुणा) दायित्व थपिएको देखिन्छ । अस्पताल र उपचार सेवाको पहुँच वृद्धि हुँदै जाँदा बिरामीको सङ्ख्या बढ्ने र बीमादाबी दायित्वमा समेत उल्लेख्य वृद्धि हुने निश्चित छ । नेपाल सरकारले आ.व. २०८१/८२ र २०८२/८३ मा स्वास्थ्य बीमाका लागि वार्षिक बजेट रु. १० अर्ब (कुल बजेट खर्चको ४.७७ प्रतिशत) व्यवस्था गरेको थियो भने आ.व. २०८३/८४ मा रु. १५ अर्ब विनियोजन गरेको छ । उता, बोर्डले सङ्कलन गरेको बीमाशुल्क आ.व. २०८१/८२ र २०८२/८३ मा क्रमशः मुश्किलले रु. ४ अर्बमात्र छ र आ.व. २०८३/८४ मा पनि दायित्वको तुलनामा शुल्क उल्लेख्यरूपमा वृद्धि हुने देखिँदैन । स्वास्थ्य बीमा कार्यक्रम लागु गर्नु आवश्यक भए पनि तरिका, अवधारणा र व्यावसायिक क्षमताको अभावका कारण लागु भएको एक दशकमै बोर्डले निजी क्षेत्रका अस्पतालहरूबाट प्रदान गरिँदै आएको सेवा २०८३ जेठदेखि बन्द गरेको छ । बोर्डको २०८३ वैशाखको तथ्याङ्कअनुसार सरकारी तथा निजी अस्पतालहरूलाई लगभग रु. ३० अर्ब भुक्तानी गर्न बाँकी थियो (५०१ सेवा प्रदायकलाई करिब ५४ प्रतिशत भुक्तानी बाँकी जसमध्ये रु. १९ अर्ब आ.व. २०८१/८२ सम्मको थियो ) । बोर्डले २०८३ मङ्सिरसम्मको दायित्व भुक्तानी गरिसकेको भए पनि तथ्याङ्कले वार्षिक रु. २० अर्ब थप वित्तीय भार परेको स्पष्ट पार्छ । नेपालमा उपलब्ध चिकित्सक, अस्पताल र सेवामा सार्वजनिक सरकारी क्षेत्रको योगदान २० प्रतिशतमात्र छ । जम्मा ५०१ सेवा प्रदायक संस्थामध्ये ३६ वटा निजी क्षेत्रका र १५ वटा निजी शिक्षण अस्पताल ( टीचिङ हस्पिटल) छन् जसले करिब ३० प्रतिशत स्वास्थ्य सेवा तथा शिक्षा प्रदान गरिरहेका छन् । तसर्थ, स्वास्थ्य बीमा कार्यक्रमको निरन्तरताका लागि केही संरचनागत र नीतिगत सुधारका अवधारणा तल प्रस्तुत गरिएका छन् -

**१.बीमा कम्पनीहरूमार्फत सञ्चालन**

आ.व. २०७२/७३ को बजेट तयारीका क्रममा नै कृषि तथा पशु बीमा जस्तै स्वास्थ्य बीमालाई पनि बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) को नियमनमा राखी मौजुदा बीमा कम्पनीहरूमार्फत् सञ्चालन गर्नुपर्छ र छुट्टै सरकारी संस्था खडा गर्नुहुँदैन भन्ने बहस भएको थियो । बिरामीको सङ्ख्या, रोगको प्रकृति, उपचार लागत आदिको तथ्याङ्कसहित जोखिम मूल्याङ्कन, बीमा व्यवसायको ज्ञान र दाबी भुक्तानीको व्यवस्थापन सरकारी मन्त्रालय वा निकायबाट प्रभावकारी रूपमा हुन सक्दैन ।

**२. लक्षित वर्गको पहिचान**

कोभिड-१९ महामारीका बेला लक्षित वर्गको पहिचान नगरी सबै नागरिकमा बीमा लागु गर्दा दाबीको एक तिहाइ भुक्तानी हुन सकेन र अहिलेसम्म बीमा कम्पनीहरूले कोभिड दायित्व राफसाफ गर्न सकेका छैनन् । ठूला कर्पोरेट हाउसका कर्मचारीहरूलाई सरकारी अनुदान नदिऊँ भन्दा दायित्वको आकार अनुमान गर्न नसक्दा समस्या बल्झियो । यस अनुभवबाट पाठ सिकेर स्वास्थ्य मन्त्रालय र अर्थ मन्त्रालयले बीमा कार्यक्रमको पुनर्संरचनामा निर्णायक कदम चाल्नुपर्छ ।

**३. अनुदानको एकीकृत परिचालन**

सरकारले स्वास्थ्य बीमाका अलावा दीर्घरोगी, कडा रोग, क्यान्सर, मुटुरोग, प्राकृतिक प्रकोप र सडक दुर्घटनाका लागि वार्षिक बजेटमा अर्बौं रुपैयाँ विनियोजन गर्दै आएको छ । यस वर्षमात्र स्वास्थ्य बीमाबाहेक लगभग रु. २० अर्ब (सामाजिक सुरक्षा, विपन्न नागरिक, आमा सुरक्षा, निःशुल्क औषधि आदि) विनियोजन गरिएको छ जुन स्वास्थ्य मन्त्रालयको कुल बजेट (रु. १०२ अर्ब) को ३० प्रतिशत र कुल बजेटको १.६ प्रतिशत हुन आउँछ । प्रदेश र स्थानीय सरकारका अनुदानहरूलाई समेत एकीकृत गरी 'एक नागरिक, एक बीमा' र 'एक भुक्तानी' को अवधारणा लागु गरिनुपर्छ ।

**४.योगदानमा आधारित बीमा**

सरकारले सुर्तीजन्य र मदिराजन्य पदार्थ एवं निजी अस्पतालहरूमा लगाउने कर तथा स्वास्थ्य बीमाशुल्कबाट वार्षिक करिब रु. १८ अर्ब राजस्व सङ्कलन गर्छ । बाँकी दायित्व सरकारी कोषकै हुन्छ । अब निवृत्तभरण (पेन्सन) प्राप्त गर्ने नागरिक, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी र ज्येष्ठ नागरिक सबैलाई योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउनुपर्छ । यसले सरकारको दायित्व घटाउनुका साथै कार्यक्रमको पारदर्शिता र प्रभावकारिता बढाउँछ ।

**५. निजी तथा शिक्षण अस्पतालको सहभागिता**

कर्णाली र सुदूरपश्चिमका कतिपय सरकारी अस्पतालहरूमा दक्ष जनशक्ति र पूर्वाधार नहुँदा निजी तथा शिक्षण अस्पतालहरूसँग सहकार्य नगरी सुखै छैन । सरकारले तोकेको दररेटमा बिमितहरूको उपचार निजी र शिक्षण अस्पतालमा गराउने व्यवस्था मिलाउनुपर्छ। अन्यथा, सर्वसाधारण बीमा कार्यक्रमबाट विमुख भई नवीकरण नगर्ने जोखिम रहन्छ।

**६. दररेट र पहुँचको सन्तुलन**

सार्वजनिक अस्पतालहरूको सीमित क्षमताका कारण निजी क्षेत्रका पूर्वाधार, प्रविधि र दक्षताको उपयोग गर्नु अनिवार्य छ । बीमा बोर्डको निर्धारित सूचीअनुसारको दररेटमा निजी अस्पतालहरूलाई समावेश गर्दा बिरामीले समयमै उपचार पाउनेछन् र बीमा कार्यक्रमको विश्वसनीयता अभिवृद्धि हुनेछ ।

**७. कम्पनी मोडल र नेपाल लेखामानको अनुसरण**

नेपालको निर्जीवन बीमा व्यवसाय वार्षिक रु. ५२ अर्ब बराबरको छ । स्वास्थ्य बीमा बोर्डलाई बीमा प्राधिकरणको नियमनभित्र रहने गरी सूचीकृत कम्पनीका रूपमा परिणत गरिनुपर्छ । नगदमा आधारित सरकारी लेखा प्रणालीको सट्टा नेपाल लेखामानअनुसारको लेखा प्रणाली अपनाउनुपर्छ । बिमितको बायोमेट्रिक अभिलेख, डिजिटल पोलिसी जारी, अस्पताल भर्नाको सूचना र दाबी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्दा फर्जी दाबी नियन्त्रण हुन्छ । सरकारले प्रदान गर्ने स्वास्थ्यसम्बन्धी सम्पूर्ण अनुदानहरू एकीकृत गरी सामूहिक कोष खडा गर्ने र निर्जीवन बीमा कम्पनीहरूमार्फत प्रतिस्पर्धात्मकरूपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ । अन्यथा, एकोहोरो अनुदान भुक्तानी प्रक्रियालाई निरन्तरता दिने र प्रभावकारी अनुगमन नगर्ने हो भने नेपाल सरकारका लागि यो कार्यक्रम धान्न धेरै कठिन हुनेछ । *(नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका पूर्वअध्यक्ष)*

***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक लाभको बाटो खुल्नेछ। सामाजिक काममा अवसर मिल्नेछ। | **तुला**: सानो सुधारले फाइदा दिनेछ। बचत बढाउने काममा नयाँ कुरा सिक्नुहुनेछ। |
| **वृष** : काममा राम्रो आम्दानी मिल्ने संकेत छ। सहकर्मीको साथ पाइनेछ। | **वृश्चिक** : साझेदारीबाट लाभ मिल्न सक्छ। धनको राम्रो खबर आउन सक्छ। |
| **मिथुन** : रोकिएको काम खुल्नेछ। लाभ मिल्ने खर्च घटाउन सकिनेछ। | **धनु** : धैर्यले पुरानो अनुभव काम लाग्नेछ। कार्यक्षेत्रमा मान बढ्नेछ। |
| **कर्कट** : आर्थिक काममा सावधानी चाहिन्छ। जिम्मेवारी बढ्न सक्छ। | **मकर** : टाढाबाट खबर आउन सक्छ। व्यापारमा सीप सिक्ने अवसर मिल्नेछ। |
| **सिंह** : परिवारमा निर्णय हुनेछ। खर्च सोचेर गर्नुहोस् र काममा भरोसा बढ्नेछ। | **कुम्भ**: जिम्मेवारीप्रति ध्यान बढ्नेछ। काममा आर्थिक लक्ष्यमा प्रगति हुनेछ। |
| **कन्या** : व्यापारमा ग्राहक थपिन सक्छन्। कामको कदर र पढाइमा उत्साह बढ्नेछ। | **मीन** : रोकिएको पैसा आउन सक्छ। पर्दापछाडिको प्रयास सफल हुनेछ। |

## कला मनोरञ्जन

# ‘मिस एण्ड मिसेस ब्युटिफुल नेपाल’को उपाधि समीक्षा र रीतालाई



११औं संस्करणको ‘मिस एण्ड मिसेस ब्युटिफुल नेपाल’को उपाधि समीक्षा शर्मा र रीता तामाङले चुमेका छन् । राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न विशेष समारोहमा उनीहरूले उक्त उपाधि आफ्नो पोल्टामा पार्न सफल भएका हुन् । दक्ष इन्टरनेशनल प्रालिको आयोजनामा भएको प्रतियोगितामा शर्माले ‘मिस ब्युटिफुल नेपाल’ र तामाङले ‘मिसेस ब्युटिफुल नेपाल’को मुख्य उपाधि जितेका हुन् । मिसेस ब्युटिफुल नेपालतर्फ रीता तामाङले मुख्य ताजसँगै ‘वेष्ट वाक’, ‘मष्ट फोटोजेनिक’ र ‘मष्ट ट्यालेन्टेड’ गरी चार उपाधि जित्दै प्रतियोगितामा प्रभावशाली प्रदर्शन गरे । पेशाले ब्युटिसियनसमेत रहनुभएकी तामाङले उपाधिले आफूलाई थप जिम्मेवार बनाउनुका साथै नयाँ उत्साह दिएको बताए । मिसेस ब्युटिफुल नेपालतर्फ मन्दिरा आचार्य फर्ष्ट रनरअप, गीता बुढाथोकी सेकेण्ड रनरअप, सिर्जना घिमिरे थर्ड रनरअप र रीता कटुवाल फोर्थ रनरअप घोषित भइन् । सिर्जना घिमिरेले ‘भ्युअर्स च्वाइस’, रेखा श्रेष्ठले ‘अर्गनाइजर च्वाइस’ तथा सुनिता श्रेष्ठ आचार्यले ‘मष्ट पपुलर’को उपाधि चुमे । सब-टाइटलतर्फ मन्दिरा आचार्यले ‘मष्ट डिसिप्लिन्ड’, सुनिता श्रेष्ठ आचार्यले ‘वेष्ट स्माइल’ र ‘सोसियल वेलफेयर एम्बासडर’, रेखा श्रेष्ठले ‘मष्ट पंक्चुअल’, गीता बुढाथोकीले ‘मष्ट एक्टिभ’, सिर्जना घिमिरेले ‘वेष्ट स्किन’ तथा रीता कटुवालले ‘वेष्ट स्पिच’ र ‘मष्ट क्रिएटिभ’को उपाधि प्राप्त गरे । त्यस्तै, मिस ब्युटिफुल बन्नुभएकी समीक्षा शर्माले मुख्य विजेतासहित ‘मष्ट पपुलर’, ‘वेष्ट वाक’, ‘मष्ट फोटोजेनिक’ र ‘मष्ट पंक्चुअल’को उपाधिसमेत हात पारे । प्रतियोगितामा ताराकुमारी दुलाल फर्ष्ट रनरअप, निशा राजवाहक सेकेण्ड रनरअप र सञ्जिना चौधरी थर्ड रनरअप घोषित भए । यसतर्फ सञ्जिना चौधरीले ‘भ्युअर्स च्वाइस’सँगै ‘वेष्ट स्माइल’ र ‘मष्ट ट्यालेन्ट’को उपाधि हात पारे । ताराकुमारी दुलालले ‘मिस फिटनेस’ तथा निशा राजवाहकले ‘वेष्ट स्किन’को उपाधि जिते । महिलाको आत्मविश्वास, कला र सौन्दर्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूको समेत सहभागिता र सम्मान गरिएको थियो । कार्यक्रममा संघीय संसद्, राष्ट्रिय सभा उपाध्यक्ष लीलाकुमारी भण्डारी प्रमुख अतिथि तथा वरिष्ठ अभिनेता शिव श्रेष्ठ विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । पूर्वएआईजी तथा गीतकार टेक तामाङ र वरिष्ठ चलचित्रकर्मी अम्बिकाप्रसाद आचार्य विशेष अतिथि रहेका थिए । प्रतियोगिताको निर्णायक मण्डलमा वरिष्ठ अभिनेत्री तृप्ति नाडकर मुख्य निर्णायकका रूपमा रहेका थिए । वरिष्ठ गायक आनन्द कार्की, ईहिमालय टाइम्स दैनिकका सम्पादक सन्दीप पौडेल, ‘मिसेस ब्युटिफुल नेपाल-२०२४’ विजेता विजया अधिकारी, डा.सूचना मराहट्टा, फेशन विज्ञ दिना गुरुङ तथा ‘मिसेस गुरुङ-२०२२’ विजेता नीलम गुरुङ निर्णायक रहेका थिए । समारोहमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मानसमेत गरिएको थियो । सम्मानित हुनेमा महाकाव्यकार खेमनाथ दाहाल, ज्योतिषविद् अर्जुन न्यौपाने, सञ्चारकर्मी गीता अधिकारी, व्यवसायी नगेन्द्र न्यौपाने, सुनील अर्याल, गायक तथा प्रस्तोता राजेश बर्देवा, वरिष्ठ अभिनेता धीरेन शाक्य, सौन्दर्यविद् मञ्जिला सुवेदी, धार्मिक अभियन्ता विनोद कार्की, मनकुमारी पोखरेल, अमृता ढेके, सपना शर्मा, राधा शर्मा, निर्देशक देवेन्द्र पाण्डे, उर्मिला दाहाल, दीपा कटुवाल, सानु तामाङ, जुनु गिरी, श्यामबहादुर महत, कृष्णकुमारी महत, माया लामा, ललिता जोशी श्रेष्ठ, रोशना राजथलीलगायत रहेका थिए । दक्ष इन्टरनेशनलका अध्यक्ष टेकराज पाण्डेको आयोजनामा सम्पन्न प्रतियोगिताको व्यवस्थापन गीता उप्रेतीले गर्नुभएको थियो भने राहुल बन्जाडेले निर्देशन गरेका थिए । आयोजकका अनुसार प्रतियोगितालाई केवल सौन्दर्य प्रदर्शनमा सीमित नराखी सहभागी महिलाको आत्मविश्वास, प्रतिभा, व्यक्तित्व र सामाजिक सक्रियतालाई समेत प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको हो । प्रतियोगिताको आधिकारिक मेकअप आर्टिष्ट क्युट केयरकी चन्दा पुन र कोरियोग्राफर अश्विन झा थिए ।

*-इहिमालयन डटकम*

# थाइल्यान्डमा नेपाली बालबालिकाले जिते एक शीर्षसहित ४ उपाधि




नेपाली बालक सुर्यान्स श्रेष्ठले थाइल्यान्डमा ‘जुनियर मोडल इन्टरनेसनल २०२६’को शीर्ष उपाधि जित्न सफल भएका छन् । २५ देशका बालबालिका सहभागी अन्तर्राष्ट्रिय प्रतियोगिता श्रेष्ठले अन्य प्रतिस्पर्धीलाई पछि पर्दै शीर्ष उपाधि हात पारेका हुन् । कार्यक्रममा श्रेष्ठले प्रि टिन बिधामा ‘प्रिन्स अफ एसिया’को सब-टाइटल समेत हात परे । गत १९ तारिखबाट सुरु भई आइतबार साँझ सम्पन्न प्रतियोगितामा नेपालका तर्फबाट श्रेष्ठ सहित शिवांशु अर्याल, अदिश्री आचार्यले सहभागिता जनाएका थिए । प्रतियोगितामा शिवांशुले जुनियर बिधामा सब-टाइटल ‘प्रिन्स अफ एसिया’ जित्दा अदिश्रीले ‘प्रिन्सेस अफ एसिया’ सब-टाइटल जिन्त सफल रहिन् । प्रतियोगितामा नेपाली प्रतिस्पर्धीहरू मध्य अदिश्रीले नेपालको स्थानीय कपडा ‘ढाका’को पहिरन मार्फत नेपाली मौलिक फेब्रिक, शिवांशुले नेपालको ऐतिहासिक ‘ढुङ्गेधारा’को इतिहास र वास्तुकला झल्किने भेषभूषासहित र सुर्यान्शले विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्तिका दूत भगवान् बुद्धको देशका रूपमा नेपाललाई चिनाउने प्रस्तुति दिएका थिए । कार्यक्रममा नेपाली टोलीले बाजा र मौलिक भेषभूषासहित नेवारी संस्कृति र परम्परा झल्किने गीतमा विशेष प्रस्तुति दिँदै सबैलाई मोहित तुल्याएका थिए । नेपाली बालबालिकालाई प्रतियोगितामा सहभागी गराउने काम रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले गरेको हो । प्रतियोगितामा बालबालिकासँगै अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजु पनि सहभागी थिए । सबै प्रतियोगिको फेसन कन्सेप्ट डिजाइनर श्रीषा बैदारले तयार गरेकी हुन् ।

*-रातोपाटी डटकम*

## नाटक :

# महायुद्ध पछि उभिएका प्रश्नहरू



अश्वत्थामा मञ्चको बीचमा छन् । उनी रिसले चुर छन् । उनले गुमाउने कुरा सब गुमाइसकेका छन् । चर्को स्वरमा उनी भन्छन् - अब म पशु भएँ । अब मेरो धर्म भनेको मार्नु र मार्नु मात्र हो । पाण्डव पक्षले पीता द्रोणाचार्यलाई मार्न छल गरेका कारण उनले आफ्नो रिसलाई नियन्त्रण गर्न सकिरहेका छैनन् । उनी जसरी पनि पाण्डवसँग बदला लिने मनसायमा छन् । रातको अँध्यारोमा पाण्डव शिविरमा आक्रमण गर्छन् । तर, गल्तीवस उनले ५ पाण्डव ठानेर द्रौपदीका पाँच छोरा मार्न पुग्छन् । यो सँगै उनको रिसमा अन्य धेरै मारिइरहेका हुन्छन् । कृतवर्मा र कृपाचार्यले उनलाई रोक्न खोज्छन् । तर उनको प्रतिशोध रोकिँदैन । यी दृश्यहरू मण्डला थिएटरमा मञ्चन भइरहेको नाटक ‘द एज अफ डार्कनेस’ का हुन् । यो नाटकले महाभारत युद्धपछिको अन्धकार देखाएको छ । जहाँ विजेता पनि हार्छन् र प्रतिशोधले मानवतालाई नै निल्छ । यद्यपि यो नाटक नेपाली होइन । धर्मवीर भारतीको अन्धा युग को नेपाली रूपान्तरण हो । यसमा राजेन्द्र सलभको अनुवाद र सुदीप खतिवडाको निर्देशन छ । यसअघि १० वर्ष पहिले मञ्चन भइसकेको यो नाटकमा अहिले निर्देशन गरिरहेका सुदिप स्वयंले सञ्जयको भूमिका निभाएका थिए । त्यसबेला यो नाटक पूर्णत: मूल नाटकको पाठमा आधारित थियो । अहिले त्यसबाट बाहिर निस्केर डिजाइनमा आधारित, कोरियोग्राफीमा आधारित र लाइभ म्युजिकमा आधारित भएर बनाइएको छ । यसले दर्शकहरूलाई नाटकमा अझ बढी बाँधेर राख्ने निर्देशकको विश्वास छ । निर्देशक सुदिपका अनुसार यस्ता नाटकहरूको विषयवस्तु समयसँगै सधैं सान्दर्भिक भइरहने खालको हुन्छ । नाटकले अन्धोपनमा बाँचेर अँध्यारो मात्र देख्ने मानिसहरूलाई झकझक्याउने काम गर्छ । यसको उद्देश्य कुनै ठूलो बबन्डर गर्नुभन्दा पनि सामान्य रूपमा हामी आफैं र अरूलाई सचेत गराउँदै समाजमा चेतना सिर्जना गर्नुभएको उनको भनाइ छ । ताकि मान्छेहरू अन्धोपनबाट बाहिर निस्कुन् । यो वैचारिकीबाहेक प्राविधिक पाटोको कुरा गर्दा नाटकमा सेटसँगै लाइट र साउन्डमा केही राम्रो गर्ने प्रयास गरिएको छ । लाइटको एउटा राम्रो उदाहरण, जब अश्वत्थामाले ब्रह्मास्त्र उठाउँछन्, त्यसबेला प्रकाश अचानक चम्किन्छ । जब गान्धारीले कृष्णलाई पुकार्छिन्, तब अलि उँचोमा कृष्ण देखिन्छन् । नाटकको अर्को राम्रो पक्ष यसको सेट हो । हस्तिनापुर दरबार, कुरुक्षेत्रको युद्धभूमि, वन आदि एकै ठाउँमा, त्यो पनि कथालाई अघिपछि गर्दै देखाउनु राम्रो काम हो । प्रत्यक्ष संगीतको प्रयोग गर्ने सोच आफैंमा राम्रो हो । त्यसले एउटा मुड सेट गरिरहन्छ । हलमा दर्शकहरू प्रवेश गर्दैगर्दा सलिना बिके शास्त्रीय संगीत गाइरहेकी हुन्छिन्ह त्यसले दर्शकलाई एउटा रोमाञ्चकता दिन्छ । भनौं, संगीतले वातावरण निर्माणमा ठूलो भूमिका खेलेको छ । अँध्यारो, तनाव र शोकलाई संगीतले अझ गाढा बनाएको छ । मञ्च सजावट सरल राखिएको छ । जुन यस प्रकारको विषयवस्तुका लागि उपयुक्त छ । प्रकाश डिजाइनले अन्धा युगको प्रतीकात्मक अन्धकारलाई सहयोग पुऱ्याएको छ । यो नाटकको सबैभन्दा ठूलो शक्ति यसको सान्दर्भिकता हो । नेपालजस्तो द्वन्द्व, राजनीतिक प्रतिशोध र सामाजिक विभाजनबाट गुज्रेको समाजमा यसले सिधै प्रश्न गर्ने सामर्थ्य राख्छ । युद्धले कसैलाई पनि साँच्चै विजेता नबनाउने सत्य, दोषारोपणको संस्कृति र नैतिक अन्धोपन आज पनि जीवित छ । नाटकले दर्शकलाई सोध्छ - हामी कहिलेसम्म अरूलाई दोष दिएर आफ्नो जिम्मेवारीबाट भाग्ने ? कलाकारहरूको प्रस्तुति औसत छ । अश्वत्थामाको भूमिका विशेष रूपमा प्रभावशाली छ । प्रतिशोधको आगो र मानवीय पतनको मिश्रण स्पष्ट देखिन्छ । गान्धारीको पीडा र आक्रोश, धृतराष्ट्रको शारीरिक तथा मानसिक अन्धोपन र अन्य पात्रहरूको उपस्थिति कथा सुहाउँदो छ । भलै सुधार गर्न सकिने केही कमजोरीहरू छन् । जस्तो, काव्यको घनत्वले कहिलेकाहीं नाटकको गतिलाई बाधा पुऱ्याउँछ । केही लामो दार्शनिक संवादमा नाटक सुस्ताउँछ । भलै यो कृतिको मौलिक स्वभाव किन नहोस् । महाभारतको कथा थाहा नभएका दर्शकलाई कतिपय सन्दर्भ बुझ्न गाह्रो हुन सक्छ । केही कलाकारहरू अझ गहिरो भावनात्मक तहमा पुग्न सकेका छैनन् । तर यी कमजोरीहरूले समग्र प्रभावलाई धेरै कमजोर बनाउँदैनन् । समग्रमा महाभारत युद्धको १८औं दिनको साँझबाट सुरु भएको नाटकको कथाले युद्धपछिको शून्यता, शोक, अहंकार र नैतिक पतनलाई देखाउँछ । नाटकाम धृतराष्ट्र र गान्धारी शोकमा डुबेका छन् । हस्तिनापुर जलिरहेको छ । बाँचेकाहरू आफ्नो दोष देख्न सक्दैनन् । अश्वत्थामाको प्रतिशोध चरममा पुग्छ । गान्धारी कृष्णलाई श्राप दिन्छिन् । अनि अन्तमा विजय पनि खाली र आत्महत्याको श्रृंखलाजस्तो बन्छ । यी विषय बोकेको द एज अफ डार्कनेस लाई जिम्मेवार प्रस्तुति मान्न सकिन्छ । नाटक मनोरञ्जनबाहेक चिन्तन र संवादको माध्यम बने छ । नाटक हेरेपछि मनमा एउटा प्रश्न बाँकी रहन्छ - हामी साँच्चै कुन युगमा बाँचिरहेका छौं ? अन्धकारको कि उज्यालो खोज्ने ?

*-अनलाइन खबर डटकम*

# ‘वीर गणेशमान’ भदौ १४ देखि सर्वनाम थिएटरमा




ऐतिहासिक नाटक ‘वीर गणेशमान’ यही भदौ १४ गतेदेखि असोज १४ गतेसम्म काठमाडौंको कालिकास्थानस्थित सर्वनाम थिएटरमा मञ्चन हुने भएको छ । गणेशमान फाउन्डेसनको आयोजना तथा सर्वनामको प्रस्तुतिमा नाटक मञ्चन हुन लागेको हो । नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व गणेशमान सिंहको जीवन, संघर्ष, त्याग, साहस र निष्ठामा आधारित यस नाटकलाई वरिष्ठ रंगकर्मी अशेष मल्लले परिकल्पना, नाट्य रूपान्तरण तथा निर्देशन गरेका छन् । नाटकमा गणेशमान सिंहले राणा शासनविरूद्ध गरेको संघर्ष, भद्रगोल जेल जीवन तथा ६ फिट अग्लो जेलको पर्खाल नाघेर गरेको साहसिक पलायनलाई प्रस्तुत गरिएको जनाइएको छ । त्यस्तै, २०४६ सालको जनआन्दोलनपछि प्रधानमन्त्री पदसमेत अस्वीकार गरेको ऐतिहासिक घटनालाई पनि नाटकमा समेटिएको छ । व्यक्तिगत स्वार्थ, पद र सत्ताभन्दा देश र जनताको अधिकार तथा स्वतन्त्रतालाई प्राथमिकता दिने गणेशमान सिंहको राजनीतिक दर्शनलाई नाटकमार्फत प्रस्तुत गरिएको निर्देशक मल्लले बताए । मल्लका अनुसार ‘वीर गणेशमान’ केवल जीवनीमा आधारित नाटक नभई निष्ठा, इमानदारी, त्याग र देशप्रतिको समर्पणको कथा हो । आफ्नो करिब पाँच दशक लामो नाट्य यात्रामा यथार्थपरक शैलीको यस्तो नाटक पहिलोपटक निर्देशन गर्न लागेको उनले बताए । वि.सं. २०३८ सालमा स्थापना भएको सर्वनामले नेपाली रंगमञ्चको विकासमा लामो समयदेखि योगदान दिँदै आएको छ । ‘वीर गणेशमान’ मार्फत गणेशमान सिंहको जीवन र योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउने प्रयास गरिएको निर्माण पक्षले जनाएको छ ।

*-सेतोपाटी डटकम*

# आन्तरिक आय बढाउन करको दायरा विस्तारमा जोड


**पाल्पा,** भदौ ९ / जिल्लाको रामपुर नगरपालिकाको आन्तरिक आय सुदृढीकरणका लागि ऐन-कानुन निर्माण तथा प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।



रामपुर नगरपालिकामा मंगलबार आयोजित आन्तरिक राजस्व सुदृढीकरणसम्बन्धी अनुशिक्षण कार्यशालामा सहभागीहरूले नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गर्न कर प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् । कार्यशालामा नीतिगत व्यवस्था, कानुनी प्रबन्ध, कार्यक्रम तथा बजेट, राजस्व प्रशासनको सुदृढीकरण तथा कार्यान्वयन, डिजिटल राजस्व व्यवस्थापन प्रणाली र आगामी योजनालगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारको परिधिभित्र रहेर नगरपालिकाले कर संकलन गर्दै आएको बताए । उनले करको दर बढाउनेभन्दा पनि करको दायरा विस्तार गरेर आन्तरिक राजस्व वृद्धि गर्ने नीति नगरपालिकाले लिएको उल्लेख गरे । नगर प्रमुख थापाले विकास निर्माणका योजना तथा कार्यक्रम सञ्चालनका लागि आन्तरिक स्रोत महत्वपूर्ण हुने बताउँदै नगरको आन्तरिक आय वृद्धि गर्न नागरिकमा करसम्बन्धी चेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए । नागरिकले सहज र सरल रूपमा कर तिर्न सक्ने वातावरण निर्माणका लागि नगरपालिका प्रतिबद्ध रहेको उनको भनाइ थियो । उपप्रमुख बालकुमारी थापाले नगरको विकासका लागि राजस्व मेरुदण्डका रूपमा रहेको बताउँदै आन्तरिक आय वृद्धि गर्न जनप्रतिनिधि, कर्मचारी तथा सबै सरोकारवालाको साझा प्रयास आवश्यक रहेको बताइन् । उनले कर तिर्नु सरकारप्रतिको दायित्व मात्र नभई त्यसको प्रत्यक्ष सम्बन्ध विकाससँग जोडिएको विषय भएको उल्लेख गर्दै प्रत्येक नागरिकले तोकिएको कर अनिवार्य रूपमा तिर्नुपर्नेमा जोड दिइन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले नागरिकले तिरेको करबाट नै राज्यको समग्र विकासमा योगदान पुग्ने भएकाले करको महत्वबारे नागरिकलाई बुझाउन आवश्यक रहेको बताए । उनले आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले संकलन गरेको राजस्व, राजस्व संकलनको दायरा तथा संकलनका लागि नगरपालिकाले गरेका प्रयासलगायतका विषयमा जानकारी गराए । कार्यशालाको सहजीकरण गर्दै स्कोलर नेपालका सहजकर्ता मणिराम महतले राजस्वमा सुधार नगरी विकास निर्माणका अन्य कामलाई प्रभावकारी रूपमा अघि बढाउन कठिन हुने बताए । राजस्व सुदृढीकरणका लागि कर शिक्षा र करसम्बन्धी जनचेतना अभिवृद्धिसँगै आवश्यक ऐन-कानुन निर्माणमा विशेष ध्यान दिनुपर्ने उनले बताए । महतका अनुसार राजस्व सुदृढीकरणसम्बन्धी अनुशिक्षण कार्यक्रमका लागि देशभरबाट २५ वटा स्थानीय तह छनोट गरिएका छन् । त्यसमध्ये लुम्बिनी प्रदेशका पाँचवटा स्थानीय तह छनोट भएका छन् भने सोहीमध्ये रामपुर नगरपालिका पनि छनोटमा परेको हो । रामपुर नगरपालिकाको आयोजना, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको प्राविधिक सहयोग र स्कोलर नेपालको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, शाखा प्रमुख, कर्मचारी तथा वडा सचिवहरूको सहभागिता रहेको थियो । नगर प्रमुख रमणबहादुर थापाको अध्यक्षता, उपप्रमुख बालकुमारी थापाको स्वागत र योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# नेपाल 'ए' टोलीको पहिलो जित



**काठमाडौं,** भदौ ९/नेपाल 'ए' क्रिकेट टोलीले टप एन्ड टी-२० शृङ्खलामा पहिलो जित निकालेको छ । अस्ट्रेलियामा चलिरहेको शृङ्खलाअन्तर्गत भएको आफ्नो तेस्रो खेलमा नेपालले होबार्ट हुरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गरेको हो । नेपालले दिएको १५५ रनको लक्ष्य पछ्याएको हुरिकेन्स १८ ओभर ३ बलमा ११५ रनमा अलआउट भयो ।

हुरिकेन्सका नितेश सामुएलले ३७, टिम वार्डले २३ र निभेथन राधाकृष्णनले २० रन बनाए । नेपालका नारायण जोशीले ३ विकेट लिए । शाहब आलम र पवन सर्राफले समान २-२ तथा बिपिन खत्रीले १ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १५४ रन बनाएको थियो । यो खेलमा कुशल भुर्तेलले ३९, मयन यादवले ३१ तथा कप्तान अनिलकुमार साहले २८ रन बनाए । नेपाल पहिलो खेलमा नर्दन टेरिटोरी स्ट्राइक र दोस्रो खेलमा बङ्गलादेश हाई प्रफरमेन्स-११ सँग पराजित भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो



**पाल्पा,** भदौ ९/ सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ५ दशमलव ३० अंकले घटेको छ । शून्य दशमलव २० प्रतिशतको गिरावाटपछि नेप्से २ हजार ५ सय ९४ दशमलव २७ विन्दुमा ओर्लिएको हो ।

विकास बैंक, निर्जीवन बिमाबाहेक सबै उपसमूहहरु घट्यो । विकास बैंकको ४.८४ र निर्जीवन बिमाको ३७.२६ अंकले बढ्यो । घट्ने उपसमूहमा होटल तथा पर्यटन ५१.६०, उत्पादन तथा प्रशोधन ३०.७५ अंकले घट्यो । कारोबारमा आएकामध्ये ७८ कम्पनीको सेयर मूल्य बढ्यो भने १८७ कम्पनीको मूल्य घट्यो भने १२ कम्पनीको मूल्य स्थिर रह्यो । कुल ४६ हजार ५ सय ८९ पटकको कारोबारमा ४ अर्ब १० करोड ९७ लाख रूपैयाँको सेयर किनबेच भएको छ । ती किनबेचमा १ करोड ४४ हजार १६४ कित्ता सेयर किनबेच भए । सर्वोत्तम पेन्टस् इन्डस्ट्रिजको १४.९९, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सकको १४.९५, नदिप लघुवित्तको ५.७१, एभरेष्ट कलर लिमिटेडको ५.७१, कालिन्चोक हाइड्रोपावर लिमिटेडको ५.५६ प्रतिशतले सेयर मूल्य बढ्यो । धौलागीरि लघुवित्तको १०.०७, नबिल डिबेञ्चर ५.०७, सिटिजन्स सन्तुलित योजनाको ४.२३, उन्नती सहकार्य लघुवित्तको ४.२३ र रिड्ज लाइन इनर्जीको ३.८६ प्रतिशतले मूल्य घट्यो ।

# लुम्बिनीमा मन्त्रिपरिषद् पुनर्गठन...

...तीन जनामध्ये पाण्डे सहरी विकास, खानेपानी, ऊर्जा, जलस्रोत तथा सिँचाइ र अहिर आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायातमन्त्री छन् । पार्टीले साउन ३१ गते नै लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएर विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन गरेको थियो । तर, जसपाका तीन सदस्यले भदौ १ गते एमालेका मुख्यमन्त्री चेतनारायण आचार्यलाई विश्वासको मत दिएका थिए ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-२, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5042120 P का हवलदार तारा बहादुर थापा (ना.प्र.मा तारा बहादुर सारु थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा माया कुमारी मगर्नी र जन्म मिति सन् १९६१ फेब्रुअरी २० (वि.स.२०१७/११/०९) र नेपाली नागरिकता प्रमाणपत्रमा मती कुमारी सारु भन्ने माया कुमारी मगर्नि, जन्म मिति वि.स. २०१७/११/२० (सन् १९६१ मार्च ३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 55383 का HAV भुपाल सिंह थापा (ना.प्र.मा भुपाल सिंह चिदी मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा नरीशरा मगर्नी र जन्म मिति सन् १९५३ डिसेम्वर १ (वि.स.२०१०/०८/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा नरीशरा चिदी, जन्म मिति वि.स. २०१०/०८/०२ (सन् १९५३ नोभेम्वर १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक नायरनमतलेस गा.वि.स.-६, हाल तानसेन नगरपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5243005 L का HAV तुल बहादुर थापा (ना.प्र.मा तुल बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा तुल्सी कुमारी थापा र जन्म मिति सन् १९६६ डिसेम्वर १५ (वि.स.२०२३/०८/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा तुल्सी सरा थापा मगर, जन्म मिति वि.स. २०१५/१२/१६ (सन् १९५९ मार्च २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

# देशका विभिन्न स्थानमा...

...घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । त्यसैगरी, देशका विभिन्न स्थानमा थप सात जना मृत अवस्थामा फेला परेका छन् । पर्साको वीरगञ्ज महानगरपालिका-२० हरपतगञ्जस्थित नहरमा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन् । दोलखाको मेलुङ गाउँपालिका-४ सिमखेत लामाटारका ६१ वर्षीय वीर बहादुर तामाङ छिमेकीको घरको बलेसीमा मृत अवस्थामा फेला परेका छन् । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङस्थित नमुना चोकका ७४ वर्षीय सूर्यप्रसाद दाहाल आफ्नै घरमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । धादिङको बेनिघाट रोराङ गाउँपालिका-३ मलेखु बजारमा होटल सञ्चालन गर्दै आएका नुवाकोटको तार्केश्वर गाउँपालिका-३ का ४१ वर्षीय बद्री अधिकारी होटलपछाडि मृत अवस्थामा फेला परेका छन्।यस्तै, कपिलवस्तुको शुद्धोधन गाउँपालिका-६ बिमियास्थित सडकमा मायादेवी गाउँपालिका-१ पकडीका ६० वर्षीय सुवास अग्रहरी मृत अवस्थामा फेला परेका छन् । वाणगंगा नगरपालिका-५ मटेरियाका ३० वर्षीय प्रकाश चौधरी सोही स्थानको कुलोमा सोमबार मृत अवस्थामा फेला परेका थिए ।

सल्यानको बागचौर नगर पालिका-११ कामीपोल्नेस्थित बाफुखोलामा रोल्पाको गंगादेव गाउँपालिका-४ का ७२ वर्षीय देउरूप डाँगी पनि मृत अवस्थामा फेला परेका छन् । यी घटनाबारे सम्बन्धित जिल्ला प्रहरीले आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-४, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 419672 P का Sub लोक बहादुर थापा (ना.प्र.मा लोक बहादुर रेश्मी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा भूमि देवी मगर्नी र जन्म मिति सन् १९६१ डिसेम्वर १५ (वि.स.२०१८/०९/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा भूमि सरा रेश्मी मगर, जन्म मिति वि.स. २०१४/१०/०५ (सन् १९५८ जनवरी १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कोलडाँडा गा.वि.स.-५ बिस्कुनडाँडा, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 843879 F का Nb/Sub तोय बहादुर थापा (ना.प्र.मा तोय बहादुर गहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा हरि माया थापा र जन्म मिति सन् १९६४ जुन १० (वि.स.२०२१/०२/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा हरिमाया गाहा, जन्म मिति वि.स. २०१९/११/०१ (सन् १९६३ फेब्रुअरी १३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई